# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन १९ गते २०३१ साल

### श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले मिति २०३१।८।२ को निर्णय अनुसार श्रम विभाग अन्तर्गत रहेका देहायका कारखाना निरीक्षक कार्यालयहरूको नाम देहायबमोजिम परिवर्तन गरेको छः--

| साविक नाम | हाल परिवर्तित नाम |
|---|---|
| १. कारखाना निरीक्षक कार्यालय, वाग्मती अञ्चल । | श्रम कार्यालय, वाग्मती अञ्चल । |
| २. कारखाना निरीक्षक कार्यालय, नारायणी अञ्चल । | श्रम कार्यालय, नारायणी अञ्चल । |
| ३. कारखाना निरीक्षक कार्यालय, कोशी अञ्चल । | श्रम कार्यालय, कोशी अञ्चल । |
| ४. कारखाना निरीक्षक कार्यालय, भेरी अञ्चल । | श्रम कार्यालय, भेरी अञ्चल । |

आज्ञाले--
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

८९२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# उद्योग तथा वाणिज्य मन्त्रालय
# घरेलु तथा ग्रामीण उद्योग विभागको
## सूचना

देहायका पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले देहायका व्यक्तिहरूलाई देहायबमोजिम कायम मुकायम मुकरर गरेको छ ।

१. यस विभाग अन्तर्गत रंगाई छपाई प्रशाखाको रिक्त रंगाई छपाई अधिकृत (विविध सेवा) रा. प. तृतीय श्रेणी पदमा मिति २०३१।६।१ देखि घरेलु उद्योग निरीक्षक श्री शम्भुप्रसाद भट्टराई र

२. यस विभागको शाखा अधिकृत श्री नगेन्द्रप्रकाश श्रेष्ठ असाधारण बिदामा बसेकोले सो शाखा अधिकृत पदमा मिति २०३१।६।२ देखि यसै विभागका ना. सु. श्री हरिहर उपाध्यायलाई ।

दामोदरप्रसाद गौतम
निर्देशक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।